घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल

| भाग १ | वर्ष १ | अंक ६ | २०७४ चैत्र ३० गते, शुक्रबार |
|---|---|---|---|

घोडाघोडी नगर सभाबाट मिति २०७४।१२।२५ मा स्वीकृत भएको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ।

## प्रस्तावना :

नेपालको संविधानको अनुसुची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकिय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घोडाघोडी नगरपालिकाको सभाले यो ऐन बनाएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

१) यो ऐनको नाम ‘‘घोडाघोडी नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४’’ रहेको छ।

२) यो ऐन घोडाघोडी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागु हुने छ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) ‘‘ऐन’’ भन्नाले घोडाघोडी नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७४  सम्झनु पर्दछ।

ख) ‘‘कार्यपालिका’’ भन्नाले घोडाघोडी नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ।

ग) ‘‘नगरपालिका’’ भन्नाले घोडाघाडी नगरपालिका सम्झनु पर्दछ।

घ) ‘‘सभा’’ भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्दछ।

ङ) ‘‘संविधान’’ भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

## ३. नियम बनाउने अधिकार :

१) नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त घोडाघोडी नगरकार्यपालिकाले आवश्यक नियम ब नाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउदा संघिय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्ने छ।

घोडाघोडी स्थानीय राजपत्र

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ :**

१) संविधान ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधिनमा रही घोडाघोडी नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

२) उप दफा १ अर्न्तगत बनाइएका प्रशासकिय कार्यविधि अर्न्तगतका निर्देशिका कार्यविधि र मापदण्ड नगरकार्यपालिकाले प्रचलीत कानुन बमोजिम खारेज गर्न वा संसोधन गर्न सक्नेछ ।

आज्ञाले

पमुख प्रशासकिय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र